"सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि "

# सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा

कोशी प्रदेश, नेपाल

२०७३

प.स :-२०७९/०८०

च.न :- १२२६

मिति:-२०८०/०१/०५

श्री विषयगत शाखा (सबै)

श्री वडा कार्यालय (सबै)

सहिदभूमि गाउँपालिका पिप्ले, धनकुटा।

विषय:- बजेट निर्माण कार्यतालिका सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा आगामी आ.व. २०८०/८१ को बार्षिक बजेट तयारी/निर्माणका लागि तपशिल अनुरुपको कार्यतालिका स्वीकृत भएकाले सम्बन्धित शाखा/वडा कार्यालयहरुले स्वीकृत कार्यतालिका अनुरुप आ-आफ्नो विषय/क्षेत्र सङ्ग सम्बन्धित जिम्मेवारी तोकिएको समयमा पुरा गर्न/गराउनु हुन जानकारी गराइन्छ।

.............................

नविन कार्की

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ

श्रीमान् अध्यक्ष ज्यू, सहिदभूमि गाउँपालिका पिप्ले, धनकुटा।

श्रीमान् उपाध्यक्ष ज्यू, सहिदभूमि गाउँपालिका पिप्ले, धनकुटा।

E-mail : sahidbhumirural@gmail.comWebsites : http://shahidbhumimun.gov.np
प्रमुख प्रशासकीय अधिकृत : ९८५२०६४५३५ अध्यक्ष :९८५२०८०७०८,E-mail : manojrai80708@gmail.com

CamScanner

# वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यतालिका

| चरण | योजना तर्जुमा सम्बन्धि कार्य | समय सीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | १. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार तथा विधि तयार गर्ने | बैशाख ७ र ८ गते | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | २. कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन तयार गर्ने | बैशाख १० गते भित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ३. कार्यपालिका बैठक | बैशाख १३ गते | |
| | ४. विषयगत महाशाखा/ शाखा तथा वडा कार्यालयलाई बजेट सीमा मार्गदर्शन उपलब्ध गराउने | बैशाख १५ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | ५. नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा पेश गर्ने | बैशाख २१ गते | प्रमुख/अध्यक्ष |
| बस्ती/टोलस्तरबाट योजना छनौट | ६. बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने | बैशाख २५ गतेभित्र | वडा समिति/वडा अध्यक्ष/वडा सचिव |
| | ७. बस्ती /टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | बैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| | ८. बस्ती /टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रानुसार छुट्याउने(सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन तथा वातावरण क्षेत्र, संस्थागत विकास क्षेत्र) | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| वडा स्तरीय योजना प्राथमिकीकरण र निर्धारण | ९. वडाको सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | १०. विषयगत महाशाखा/ शाखाबाट विषय क्षेत्र आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/ शाखा |
| | ११. विषयगत समितिमा छलफल प्राथमिकता निर्धारण तथा सांकेतीकरण गर्ने | जेठ २५ गतेभित्र | विषयगत समिति |
| | १२. बजेट(राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १३. गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकिकृत गरि समायेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १४. आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १५. विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| कार्यपालिकाबाट स्वीकृति र सभामा पेश | १६. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| सभाबाट स्वीकृति | १७. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |

CamScanner